मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १२६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ११ गते बुधवार (Wednesday, 25 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## प्रहरी हिरासतबाट छुटाइदिने भन्दै ठगी

**दमक, चैत १०।** लागूऔषध मुद्दामा पक्राउ परेका व्यक्तिलाई प्रहरी हिरासतबाट छुटाइदिने प्रलोभन देखाई रकम ठगी गर्ने दुई जनालाई झापा प्रहरीले नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा दमक नगरपालिका-९का ३० वर्षीय अरुण दनुवार र कमल गाउँपालिका-६ खैरबारी बस्ने ३२ वर्षीय सुमन खड्का रहेका छन् । उनीहरूलाई इलाका प्रहरी कार्यालय दमकले कमल गाउँपालिका-६ गुवाबारीबाट खैरो हिरोइन सहित पक्राउ परेका लक्ष्मण

(बाँकी अन्तिम पृष्ठमा)

# डीएसपी श्रेष्ठले होटलबाट मासिक ८०,००० लिएको खुलासा

- बेलाबखत 'छापा' मारेर बार्गेनिङ
- यौनकर्मीलाई नगदको साटो लागूऔषध
- रकम लिएर डान्सबार सञ्चालन रोकेपछि प्रहरीमाथि खनिए व्यवसायी

**झापा, चैत १०।** इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक बिजय श्रेष्ठले बिर्तामोडमा सञ्चालित केही होटलबाट मासिक ८० हजार रुपैयाँ असुल्दै आएको खुलेको छ ।

होटल व्यवसायी राम राजवंशीलाई अघि सारेर उनले होटलबाट मासिक ८० हजार रुपैयाँ लिँदै आएको खुलेको हो । ताप्लेजुङ पाथीभरा होटल तथा दाजुभाइ होटल एण्ड लजका सञ्चालक समेत रहेका राजवंशीले डीएसपी श्रेष्ठलाई मासिक रकम बुझाउने गरेको व्यवसायीको भनाइ छ । होटल सञ्चालकहरूले प्रहरीलाई मासिक ८० हजार रुपैयाँ बुझाएर पछि होटलमा अवैध यौनधन्दा 'देह व्यापार' सञ्चालन गर्न दिने गरेको उनको भनाइ छ ।

त्यस्तै बिर्तामोडमा सञ्चालित डान्सबारहरुले मासिक ४० हजार रुपैयाँ बुझाउँदै आएको डान्सबार सञ्चालक मध्येका एक व्यक्तिले बताएका छन् । निर्वाचन अघिसम्म नियमित पैसा बुझाउँदै आएका थियौं- उनले भने- एक दिन पैसा बुझाउन ढिला हुँदा होलीको अघिल्लो दिन हाम्रो डान्सबारमा छापा मारेर स्टाफलाई पक्राउ गरियो ।

प्रहरीलाई रकम बुझाउने डान्सबारले बिहान ५ बजेसम्म पनि खुलेआम डान्सबार सञ्चालन गरिरहेका हुन्छन्- उनले भने- बिर्तामोडस्थित एक डान्सबार ११ बजेपछि स्वयम् प्रहरीको उपस्थितिमा बिहान ५ वजेसम्म सञ्चालन गरिन्छ । बिर्तामोडमा तृष्णा, डीडब्लू, स्टार डान्सवार, जन्नत, नाइट लाइफ द नाइट लगायतका आधा दर्जनभन्दा बढी डान्सबार सञ्चालनमा छन् ।

भारतीय नागरिकलाई लक्षित गर्दै हामीले डान्सबार सञ्चालन गरेका हौं- नाइटलाईफ डान्सबारका सञ्चालक



नवीना राजवंशीले भनिन्- ११ वजेपछि ग्राहक आउँछन् । तर, प्रहरी ११ बज्नअघि नै आएर ढोकामा बस्छ । क्यासिनो खेल्न आएका अधिकांश भारतीय नागरिक डान्सवार छिर्छन्- उनले भनिन्- प्रहरीलाई रकम नबुझाएर धरै छैन । दिनहुँ प्रहरीले हैरान बनाएपछि ग्राहक आउन छाडेको उनको भनाइ छ ।

त्यसो त अर्जुनधारा-११ स्थित टेकबहादुर गिरी बसपार्क र बिर्तामोडको मुक्तिचोक आसपासका होटलहरूमा अवैध रुपमा यौनजन्य गतिविधि भइरहेको प्रहरी स्रोतकै दावी छ । बिर्तामोड आसपासका २२ वटा विभिन्न होटलमा यौनकर्मी राखेर व्यवसाय सञ्चालन हुँदै आएको र त्यसका लागि प्रहरीसम्म मासिक रूपमा रकम पुग्ने गरेको रिपोर्ट समेत सार्वजनिक भएको छ । सुरक्षा निकायले नै तयार गरेको एक विशेष रिपोर्ट अनुसार होटलमा देहव्यापार सञ्चालनमा बालिकाको समेत प्रयोग हुँदै आएको छ ।

स्रोतका अनुसार ती होटलहरूमा ४ देखि १० जनासम्म यौनकर्मी राखेको र त्यसमध्ये धेरैजसो युवती लागूऔषध प्रयोगकर्ता र नाबालिक समेत हुने गरेको दाबी गरिएको छ । ग्राहकसँग एक पटकको यौनसम्पर्कका लागि लिइने रकमबाट आधा हिस्सा होटल सञ्चालकले राख्ने र बाँकी यौनकर्मीलाई दिने प्रचलन रहेको बताइएको छ । यौनकर्मीलाई नगदको साटो लागूऔषध उपलब्ध गराएर उनीहरूलाई नियन्त्रणमा राख्ने प्रवृत्ति समेत रहेको बुझिएको छ ।

उक्त गतिविधि सञ्चालन गर्न बसपार्क क्षेत्रका होटलहरूबाट मासिक ८० हजार रुपैयाँसम्म संकलन गरी बिचौलियाको रुपमा रहेका राजवंशीमार्फत प्रहरीसम्म पुऱ्याइने गरेको खुलेको हो । प्रहरीले बेलाबखत होटलमा 'छापा' मारेर बार्गेनिङ गर्ने र आर्थिक मिलेमतोपछि पुन: सञ्चालन गर्न दिने अभ्यास रहेको समेत खुलेको छ । बिर्तामोड क्षेत्रमा लागूऔषध कारोबार, आपराधिक गतिविधि तथा यौनजन्य जोखिम बढाउने सम्भावना उच्च रहेको भन्दै सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् ।

प्राप्त विवरण अनुसार देहव्यापारमा संलग्न होटल तथा सञ्चालकहरूमा ताप्लेजुङ पाथीभरा होटल (राम राजवंशी), दाजुभाइ होटल एण्ड लज (राम राजवंशी), पाथीभरा होटल एण्ड लज (सुबास मगर), पुरानो निशा होटल (बादल राई), नमस्ते होटल (सन्दीप गजमेर), गुड लक होटल (बिजु गजमेर), सोल्टी होटल (अभिषेक राई), स्टे ह्याप्पी होटल (अमृता लिङ्देन), बीएण्डबी होटल र सगरमाथा होटल (लक्ष्मीप्रसाद रिजाल), लाफा होटल ( सुबास मगर), इलामेली ब्रदर (कुशल न्यौपाने), ताप्लेजुङ

(बाँकी अन्तिम पृष्ठमा)

## २५० जनाभन्दा बढीलाई ठगी

'तेल भिसा' का निर्माता कार्की पक्राउ



**काठमाडौं, चैत १०।** वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै ठगी गरेको आरोपमा चलचित्र 'तेलभिसा' का निर्माता शिवराज कार्की पक्राउ परेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सिन्धुलीको सुनकोशी गाउँपालिका-७ घर भई हाल काठमाडौंको गोकर्णेश्वर नगरपालिका-४ माकलबारी बस्ने ४४ वर्षीय कार्कीलाई चैत ९ गते स्वयम्भूबाट पक्राउ गरेको हो । पासाङ नोर्बु तामाङ समेतका व्यक्तिहरूले कार्कीलगायतविरुद्ध अमेरिका लैजाने भन्दै ठगी गरेको जाहेरी दिएका थिए । कार्कीद्वारा निर्मित चलचित्र 'तेल भिसा' अमेरिकामा बस्दै आएका नेपाली समुदायको कथामा आधारित छ । कार्कीबिरुद्ध विभिन्न मितिमा वैदेशिक रोजगार विभागमा मुद्दाहरु दर्ता भएकोमा ६ वटा पक्राउ पुर्जी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा प्राप्त भएको प्रहरीले जनाएको छ ।

विगत १० वर्षदेखि काठमाडौंको चावहिलमा पीएण्डएम इन्नोभेटिभ सर्भिस नामक कन्सल्टेन्सी सञ्चालन गर्दै आएका उनले वैदेशिक रोजगारमा पठाइदिन्छु भनी झण्डै २५० जना मानिसहरूलाई ठगी गरेको प्रहरीको दाबी छ । जसमा १०० जनाभन्दा बढी पीडितहरू प्रहरीको सम्पर्कमा आएका छन् । कार्कीबिरुद्ध गत असार २४ गते प्रहरी बृत्त लैनचौरबाट बैंकिङ कसुरमा समेत मुद्दा दर्ता भएको पाइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## कुखुरा र अण्डा ओसारप्रसारमा रोक



**झापा, चैत १०।** झापाका दुई स्थानीय तहमा व्यावसायिक रूपमा पालिएका कुखुरामा 'बर्डफ्लु' (एच५एन१) देखा परेपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको छ ।

दमक नगरपालिका र झापा गाउँपालिकाका फार्ममा संक्रमण पुष्टि भएपछि प्रशासनले ती क्षेत्रलाई केन्द्रबिन्दु मानी चारै दिशामा संकटग्रस्त क्षेत्र घोषणा गरेर नियन्त्रणका काम अघि बढाएको हो । निमित्त प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईंद्वारा जारी सूचनामा संक्रमण थप फैलिन नदिन प्रभावित स्थानीय तहहरूबाट पक्षी, अण्डा, दाना र अन्य पक्षीजन्य सामग्री अन्यत्र लैजान पूर्ण रूपमा रोक लगाइएको उल्लेख छ ।

भेटेरिनरी अस्पताल झापाकी प्रमुख शीतल भट्टराईका अनुसार दमक नगरपालिका-१०स्थित एग्रिकल्चर फार्ममा पालिएका लेयर्स कुखुरामा 'हाइप्याथोजेनिक' बर्डफ्लु पुष्टि भएको हो । संक्रमण देखिएलगत्तै उक्त फार्मका सबै कुखुराहरू सोमबार नै नष्ट गरिसकिएको उनले बताइन् ।

मेचीनगर र अर्जुनधारा नगरपालिका क्षेत्रबाट पनि कुखुरा मरिरहेको सूचना प्राप्त भएका प्रशासनको अनुमान छ । किसानले ल्याएका नमूनाको प्रारम्भिक 'र्‍यापिड टेस्ट' गर्दा रिपोर्ट पोजेटिभ देखिएको र थप प्राविधिक पुष्टिका लागि केन्द्रीय प्रयोगशालामा पठाएर पीसीआर परीक्षण प्रक्रियाअघि बढाइएको अस्पताल प्रमुख भट्टराईले जानकारी दिइन् । छिमेकी जिल्ला मोरङ र सुनसरीमा समेत यो रोग फैलिएकाले झापा बर्डफ्लुको उच्च जोखिममा रहेको उनले बताइन् ।

नेपालमा पहिलोपटक सन् २००९को जनवरीमा 'बर्डफ्लु' देखिएको थियो । त्यसयता नेपालका विभिन्न जिल्लाहरूमा पटक-पटक यो संक्रमण बल्झिँदै आएको छ । २०७६ वैशाखमा नेपालमा बर्डफ्लुका कारण एक व्यक्तिको मृत्यु भएको पुष्टि भएको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

## आमा कुटेको आरोपमा छोरा पक्राउ, आमाको उपचार हुँदै



**झापा, चैत १०।** आमालाई कुटपिट गरेको आरोपमा झापामा एक व्यक्ति पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काका अनुसार भद्रपुर नगरपालिका-८ क्याम्पस मोड बस्ने ७९ वर्षीय बृद्धा चन्द्रमाया घिमिरेलाई उनका छोरा ३७ वर्षीय यमिर घिमिरेले कुटपिट गरेको घटना सार्वजनिक भएको हो ।

सामाजिक सञ्जालमा छोराको कुटाइबाट आमा गम्भीर घाइते भएको भिडियो सामग्री भाइरल भएसँगै प्रहरीले कुटपिटमा संलग्न छोरालाई पक्राउ गरेको हो । चैत ९ गते भएको उक्त घटनाको भिडियो सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि प्रहरीले अनुसन्धान अघि बढाएको जनाएको छ । घटनामा संलग्न यमिर घिमिरेलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पीडित महिलाको उद्धार गरी स्वास्थ्य उपचारका लागि व्यवस्था गरिएको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको छ ।

## झापामा सवारी दुर्घटनामा मृत्यु

**झापा, चैत १०।** कचनकवल गाउँपालिका-४ मा सवारी साधन (सिटी)को ठक्करबाट मोटरसाइकल चालक ५० वर्षीय मोटरसाइकल चालक शुकदेव गणेशको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार सोमवार राति बनियानीबाट लोधाबारी गइरहेको बीआर-११सी-३०७१ नम्बरका मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको प्र-१-०१-००२बी ६४११ नम्बरको सिटी एकापसमा ठोक्किएको थियो । सो दुर्घटनामा मोटरसाइकल चालक गणेश गम्भीर घाइते भएका थिए ।

उनलाई उपचारका लागि भद्रपुरस्थित ओम साई पाथीभरा अस्पताल पठाइएकोमा अस्पताल पुऱ्याएलगत्तै उनलाई चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले सिटी चालक स्थानीय वर्ष १९का सैजन मियाँ, सिटी र मोटरसाइकल नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## मुख्यमन्त्रीले 'प्रदेश खारेज भए स्वीकार्ने' भनेपछि..

**इटहरी, चैत १०।** प्रदेश संरचनाको भविष्यको बारेमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले दिएको अभिव्यक्ति विवादास्पद बनेको छ ।

यसले राजनीतिक वृत्तमा हलचल ल्याइदिएको छ । इटहरीमा आयोजित एक कार्यक्रममा मुख्यमन्त्री कार्कीले 'यदि जनादेशले यो संरचना नचाहेमा त्यसलाई आत्मसात् गर्ने' अर्थात् प्रदेश खारेज भए आफूले स्वीकार्ने आशयको अभिव्यक्ति दिएका थिए । उनको यो भनाइलाई लिएर अहिले प्रतिपक्षले आलोचना गरेको छ ।

यो तर्कलाई प्रदेशसभा र संघीयताको मर्म विपरीत रहेको भन्दै मुख्यमन्त्रीको आलोचना भएको हो । कोशी प्रदेशसभाको मङ्गलवारको बैठकमा प्रतिपक्ष दलको तर्फबाट विशेष समय लिएर बोल्दै नेपाली कम्युनिस्ट पार्टीका सांसद गणेश उप्रेतीले सरकारमा लामो समयसम्म शासन गरेर अघाएपछि संरचनाप्रति नै प्रश्न उठाएको भन्दै आलोचना गरे ।

उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक



संविधानले परिकल्पना गरेका अधिकारहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने हो भने प्रदेश सरकार जनताको सबैभन्दा नजिकको र शक्तिशाली निकाय बन्ने दाबी गरे । उप्रेतीले प्रदेश संरचनाको औचित्यमाथि प्रश्न उठाउनेहरूलाई इतिहासको मर्यादा राख्न चेतावनी समेत दिए ।

'मुख्यमन्त्रीज्यू सबैभन्दा धेरै सरकारको नेतृत्व तपाईंले नै गर्नुभएको छ, भन्नुस् तपाईंले नागरिकका लागि सेवा प्रवाहमा कति प्रभावकारी काम गर्नु भएको छ ? कामै नगर्ने अनि संरचनामाथि प्रश्न उठाउन नैतिकताले दिन्छ ?' उप्रेतीले संघीयता र प्रदेश संरचना कसैको दया वा चुनावको अङ्कगणितले मात्र नआएको उल्लेख गर्दै उनले व्यवस्था परिवर्तनका लागि कैयौंले आफ्नो ऊर्जाशील जीवन र रगत-पसिना बगाएको स्मरण गराए ।

उनले प्रदेश चाहिँदैन भन्ने दलका सभामुखले त संविधान मानिरहेको अवस्थामा एमालेका साथीहरू डराएकोसमेत आरोप लगाए । 'अहिलेको चुनाव भनेको संविधानसभा सदस्य चाहिन्छ कि चाहिँदैन भन्ने जनमत संग्रह हैन'- उनले भने- 'संघले प्रदेश खारेज गर्छ भने भोलि प्रदेशले संघ नै खारेज गर्ने अवस्था आउँदा अवस्था के हुन्छ ?' उनले चुनावबाट दुईतिहाइ मात्र हैन पाँचै तिहाइ ल्याए पनि गणतन्त्र र संघीयता फेर्न नसक्ने जिकिर गरे ।

(बाँकी अन्तिम पृष्ठमा)

## विश्वमा एक करोड सात लाख सक्रिय क्षयरोगी

### नेपालका ४२ प्रतिशत उपचार बाहिर

**काठमाडौं, चैत १०।** 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं: राष्ट्रिय अभियान, हाम्रो योगदान' नाराका साथ विविध चेतनामूलक कार्यक्रमसहित क्षयरोग दिवस मनाइएको छ ।

सन् २०३५सम्ममा क्षयरोग महामारी अन्त्य गर्ने र सन् २०५० सम्ममा देशलाई क्षयरोग मुक्त बनाउने लक्ष्य हासिल गर्न सबैले आ-आफ्नो क्षेत्रबाट आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धताका साथ यो दिवस मनाइएको राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. भूवन पौडेलले जानकारी दिए ।

मुलुकमा अझै पनि ४२ प्रतिशत क्षयरोगी उपचार बाहिर रहेका बताउँदै उनले अधिकांश बिरामीमा रोग लुकाउने, परीक्षण नगर्ने भएकोले उनीहरूबाट रोग सर्ने प्रवृत्ति देखिएको, प्रविधिको प्रयोग गर्न नसक्दा परीक्षणमा पनि समस्या भएको बताए ।

आर्थिक वर्ष २०८१/०८२मा औषधि-संवेदनशील क्षयरोगका ३९ हजार १५१ जना नयाँ बिरामी पहिचान भएका जानकरी दिँदै उनले त्यसमध्ये ३९ प्रतिशत महिला, ६१ प्रतिशत पुरुष र ५.६ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका बताए । क्षयरोग नियन्त्रणका लागि सरकारले ६ हजार २ सय ४१ स्वास्थ्य संस्थामा क्षयरोग उपचार सेवा सञ्चालन गरेको जानकारी दिँदै उनले ७८५ संस्थामा निर्दिष्ट माइक्रोस्कोपी सेवा र १४२ संस्थामा द्रुतपरीक्षण सेवा नि:शुल्क रूपमा सञ्चालन भइरहेको बताए ।



औषधि-प्रतिरोधी क्षयरोग उपचारका लागि ३१ केन्द्र र ९८ उपकेन्द्र सञ्चालन रहेको तथा १४९ स्थानीय तहमा 'क्षयरोगमुक्त नेपाल अभियान' विस्तार गरिएको, नौ वटा एआई जडित डिजिटल एक्स-रे सञ्चालन गरी क्षययोगका परीक्षण गरिरहेको उनले जानकारी दिए । विश्वमा प्रत्येक वर्ष एक करोड सात लाखमा सक्रिय क्षयरोग रहेको जानकारी दिदै उनले जसमा १२ लाख ३० हजारको क्षयरोगकै कारण मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठनको तथ्यांकमा रहेको बताए ।

यसैबीच मोरङमा क्षयरोग संक्रमण र यसका कारण मृत्यु हुने दरमा वृद्धि भएको स्वास्थ्य कार्यालयको तथ्यांकले देखाएको छ ।

आर्थिक वर्ष २०८०/०८१मा १ हजार २७७ जना, २०८१/०८२मा १ हजार तीन सय ४० जना र चालूआर्थिक वर्ष २०८२-०८३ को फागुन मसान्तसम्म ८३० जना क्षयरोगका संक्रमित फेला

(बाँकी अन्तिम पृष्ठमा)

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# पाथीभराबाट फर्किने क्रममा बालकको मृत्यु

**ताप्लेजुङ, चैत १०।** पाथीभराबाट फर्किने क्रममा एक बालकको मृत्यु भएको छ।

हिलिहाङ गाउँपालिका-२ पाँचथरका ३० महिनाका सोहन श्रेष्ठको पाथीभरा दर्शन गरेर फर्किने क्रममा सोमबार मृत्यु भएको हो। पाथीभराबाट फर्कने क्रममा स्वास्थ्यमा समस्या भई बालकको ज्यान गएपछि पाथीभरा क्षेत्र विकास समिति र जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले स्वास्थ्यमा समस्या देखिए तुरुन्तै स्वास्थ्यकर्मी र प्रहरीसँग समन्वय गर्न आग्रह गरेका छन्।

'बालबालिकादेखि ठूला तीर्थयात्रीमा स्वास्थ्य सम्बन्धी समस्या आए माथिल्लो फेदीमा रहेको प्राथमिक उपचार केन्द्र, प्रहरी चौकी वा काफ्लेपाटीमा रहेको पर्यटक प्रहरी सहायता डेस्कमा तत्काल सम्पर्क गर्न आग्रह गर्दछौँ'- जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक जटाशङ्कर यादवद्वारा जारी बिज्ञप्तिमा उल्लेख छ। पाथीभरामा चिसोका कारण बिरामी हुने र ज्यानै जाने गरेका घटना हुने गरेको छ।

पाथीभरा क्षेत्र विकास समितिका अध्यक्ष रक्की थेवे माथिल्लो फेदीमा अहेवको नेतृत्वमा स्वास्थ्यकर्मी राखिएको र क्षेत्र विकास समितिका कर्मचारीले पनि कोही समस्यामा परे सहयोग गर्ने गरेको बताउँछन्। भविष्यमा यस्ता घटना दोहोरिन नदिन स्वास्थ्य, सुरक्षा तथा आपत्कालीन सेवामा थप प्रभावकारी व्यवस्था गर्ने समितिले जनाएको छ।

## २५० ...

उनले बिगत ३ महिनादेखि भारतको नँया दिल्लीस्थित पहाडगंजमा अन्नपूर्ण फास्टफुड खोली बसेको साथै भारत सरकारद्वारा जारी भएको आधार कार्ड र प्यान कार्ड समेत लिएको अनुसन्धानमा खुलेको छ। पक्राउ परेका कार्कीमाथि थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

## डीएसपी ...

भुम्बेदिन होटल (रामकुमार स्याङ्बो), आसेङ्ग होटल एण्ड लज (पदम तामाङ), सांग्रीला होटल एण्ड लज (जानुका बुढाथोकी), न्यूसाइनो होटल एण्ड लज (चन्द्रकला अगुवा), दार्जीलिङ होटल एण्ड लज (सुजनकुमार थापा), तिर्खा होटल एण्ड लज (कन्चन तामाङ) लगायत रहेका छन्।

त्यसैगरी, कन्काई नगरपालिका-८ बिरीङ खोला आसपास सञ्चालित तम्बु खाजा घर एण्ड लजका सञ्चालकले लागूऔषध कारोबारमा समेत युवतीलाई संलग्न गराउँदै आएको प्राप्त विवरणमा उल्लेख छ।

यता बिर्तामोडमा सञ्चालन भइरहेका डान्सबारहरूले प्रहरीलाई नियमित रकम बुझाए पनि रकम बुझाउन केही ढिलाई भए दैनिकजसो निगरानी र कारबाहीको सामना गर्नुपरेको बताएका छन्। जसका कारण आफूहरुले हैरानी खेप्नुपरेको उनीहरुको भनाइ छ।

राति ११ बजेसम्म सञ्चालन अनुमति भएका डान्सबारहरू व्यापारको लोभमा रातभरि नै खुला राख्ने गरेका छन्। प्रहरीलाई मासिक रकम बुझाएर उनीहरुले डान्सबार निर्धक्क सञ्चालन गरेका छन्। तर, जिल्ला प्रहरी कार्यालय झापामा नयाँ प्रहरी प्रमुख बशुन्धरा खड्का आएसंगै प्रहरीको सेटिङ भत्किएपछि यो घटना सार्वजनिक भएको हो। यसअघि प्रहरीको नियमित ड्युटी होटल तथा डान्सवारको रेखदेखमा केन्द्रित थियो। सोमवार पनि राति १ बजेसम्म सञ्चालनमा रहेका चारवटा डान्सबारबाट केही दिनअघि प्रहरीले ७ जना कर्मचारी पक्राउ गरेसँगै प्रहरीले असुल्दै आएको रकमका विषयमा व्यवसायीले खुलेर बोलेका हुन्।

प्रहरीले यसअघि स्टार डान्सबारका तारा प्रधान, तृष्णा डान्सबारका सुरेश राजवंशी र सुशन लेप्चा, डीडब्लु डान्सबारका सफल राई र राजकिशोर साह, नाइट लाइफ डान्सबारका युगल चौधरी तथा गन्तव्य डान्सबारका कृतन पौडेललाई पक्राउ गरेको थियो।

रकम लिएर पनि सञ्चालकलाई पक्राउ गरेपछि प्रहरीको चौतर्फी आलोचना भएको हो। इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी नायव निरीक्षक उमेश श्रेष्ठको कमाण्डमा गएको टोलीले चेकजाँचका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

जिल्लामा डान्सबारहरूबाट अत्यधिक गुनासो आएपछि नियमित अनुगमन तीव्र पारिएको प्रहरी उपरीक्षक खड्काले बताएकी थिइन्। उनका अनुसार हालसम्म सचेत गराएर छोड्ने गरिएको भए पनि अब नियम उल्लंघन गर्नेमाथि मुद्दा दर्ता गर्ने तयारी गरिएको छ। 'रात्रिकालीन व्यवसाय सञ्चालन गर्दा अनुशासन पालना गर्नु आवश्यक हुन्छ'- उनले भनिन्- 'नियम अनुसार सञ्चालन गरे समस्या आउँदैन।' डान्सबारमा देखिएको समस्याका विषयमा छलफल गर्न सञ्चालकहरूलाई प्रहरीले बोलाएर छलफल पनि गराएको थियो।

## मुख्यमन्त्रीले ...

उनले प्रदेशलाई दह्रो बनाउन, नागरिकको आकर्षण बढाउन, मानिसको विश्वास जगाउनको लागि के गर्नुभयो भन्दै प्रश्न गरेका थिए। संविधानले मात्रै व्याख्या गरेको अधिकार पनि कार्यान्वयन गर्न हिच्किचाएको भन्दै संघीयता कमजोर बनाउने अभिव्यक्ति दिएकोमा उनले आक्रोश पोखे। उनले भने- 'आफू सरकारमा हुञ्जेल प्रदेशको उपभोग गर्ने र निर्वाचनले शक्ति कमजोर हुने बित्तिकै संघीयता खारेजीको कुरा गर्नु इतिहासमाथिको भद्दा मजाक हो।'

संविधानले नचिनेका जिल्ला समन्वय समिति जस्ता संरचनाहरू हटाएर जिल्ला प्रशासन र प्रहरीलाई प्रदेश मातहत ल्याउनुपर्नेमा ल्याउन नसक्ने अनि संरचना हटाउने कुरा औचित्यहीन भएको उनको धारणा थियो। उनले भने 'यदि संविधान प्रदत्त अधिकारहरू ठीक ढङ्गले कार्यान्वयन गर्ने हो भने प्रदेश नै जनताको घरदैलोको भरपर्दो सरकार साबित हुन्छ।

तर, त्यो अनुसारले काम गर्न नसक्ने अहिले निर्वाचन पछि कमजोर हुने बित्तिकै संरचना माथिको प्रश्न उठाउने ?' छिमेकी मुलुक भारतमा प्रदेशहरू थपिने क्रम जारी रहेको उदाहरण दिँदै उनले नेपालमा भने अधिकार दिनुको सट्टा संरचनाकै बिरोध गर्नु राजनीतिक बेइमानी हुने तर्क गरे।

उनले प्रदेशसभा सदस्यहरू जागिर खानका लागि मात्र नआएको स्पष्ट पार्दै व्यवस्थालाई समृद्ध बनाउनुको विकल्प नरहेको बताए। उनले भने- 'आफू नेतृत्वमा रहँदा प्रदेशको महत्त्व नदेख्ने तर बाहिरिने बित्तिकै संघीयतामाथि प्रश्न उठाउने प्रवृत्ति राम्रो हैन।

मुख्यमन्त्री जस्तो जिम्मेवार पदमा बसेर प्रदेश सरकार र संसद्को औचित्यमाथि नै प्रश्न उठ्ने गरी आएको यस्तो धारणाले मुख्यमन्त्री गम्भीर विवादमा फसेका छन्। एकातिर प्रदेशले धेरै राम्रा काम गरेको दावी गर्ने र अर्कोतिर यसको अस्तित्व नै मेटाउने कुरालाई स्वीकार गर्न नसकिने उनको तर्क छ।

मुख्यमन्त्रीको दोधारे चरित्रले संघीयता विरोधीहरूलाई बल पुऱ्याएको टिप्पणी सांसदहरूको छ। जनप्रतिनिधिहरूको सर्वोच्च निकाय प्रदेशसभाको गरिमा र यसको संवैधानिक आधारलाई कमजोर बनाउने गरी मुख्यमन्त्रीबाटै यस्तो खालको सार्वजनिक अभिव्यक्ति आउनु परिपक्व राजनीतिक शैली नभएको भन्दै राजनीतिक दल र नागरिक समाजका प्रतिनिधिहरूले असन्तुष्टि जनाएका छन्। यसले प्रदेश सरकारको स्थायित्व र संघीयता कार्यान्वयनमा मुख्यमन्त्रीको आफ्नै प्रतिबद्धतामाथि समेत ठूलो संशय पैदा गरिदिएको छ।

## विश्वमा ...

परेका छन्। त्यस्तै, मृत्यु हुनेको संख्या पनि बढ्दो अवस्थामा रहेको छ। क्षयरोगका कारण २०८०/०८१मा ३० जना, २०८१/०८२मा ४० जनाको मृत्यु भएको थियो। चालूआर्थिक वर्षको फागुनसम्ममा ३५ जनाको मृत्यु भइसकेको स्वास्थ्य कार्यालय मोरङले जनाएको छ।

स्वास्थ्य कार्यालय मोरङका क्षयकुष्ठ अधिकृत मुलुकचन्द राजवंशीका अनुसार क्षयरोग पहिचानका लागि जिल्लाका १७ वटै पालिकामा १२३ वटा डट सेन्टरमार्फत परीक्षण र उपचार भइरहेको छ। '२० स्थानमा खकार जाँच केन्द्र सञ्चालनमा छन्'- उनले भने- 'जेन एक्सपर्ट जाँच सेवा विराटनगरस्थित नेपाल क्षयरोग निवारण संस्था, मंगलबारे अस्पताल, नोबेल अस्पताल र कोशी प्रादेशिक प्रयोगशालामा उपलब्ध छ।'

तर, उपचारका क्रममा सुधार देखिएपछि बिरामीले बीचमै औषधि छाड्ने प्रवृत्ति बढ्दै गएको छ। विशेषगरी भारतसँग सीमा जोडिएका मोरङका दक्षिणी क्षेत्रका गाउँहरूमा यस्तो समस्या बढी देखिएको र रोग नियन्त्रणमा चुनौती थपेको राजवंशीले बताए।

यसैबीच, बिराटनगर महानगरपालिका, पथरीशनिश्चरे नगरपालिका र केराबारी गाउँपालिकालाई 'क्षयरोग मुक्त पालिका' घोषणा गर्ने तयारी भइरहेको छ। सुन्दरहरैंचा, पथरीशनिश्चरे, उर्लाबारी र रंगेलीमा क्षयरोगीको संख्या बढी रहेको तथ्यांकले देखाउँछ।

## कुखुरा ...

बर्डफ्लु मुख्यतया पन्छीहरूमा लाग्ने रोग भए तापनि यो मानिसमा सर्ने जोखिम सधैं रहन्छ। विश्व स्वास्थ्य संगठन र स्वास्थ्य विज्ञहरूका अनुसार संक्रमित पक्षीको ऱ्याल, सुली वा मासुको सोझो सम्पर्कमा आउने मानिसमा यो संक्रमण सर्न सक्छ।

विशेषगरी फार्ममा काम गर्ने मजदुर र मासु काट्ने व्यक्तिहरू यसको उच्च जोखिममा हुन्छन्। मानिसमा संक्रमण भएमा उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने र श्वासप्रश्वासमा गम्भीर समस्या अर्थात् निमोनिया जस्ता लक्षणहरू देखिन सक्ने विज्ञहरुले बताएका छन्।

## प्रहरी ...

राजवंशीलाई हिरासतबाट निकालिदिने आश्वासन दिलाई उनका दाजु रामप्रसाद राजवंशीसँग एक लाख ५० हजार रुपैयाँ ठगी गरेको आरोप छ।

पीडितले दिएको सूचनाका आधारमा प्रहरीले उनीहरूलाई फागुन ८ गते पक्राउ गरेको हो। पक्राउ परेका दुवै जनालाई मुलुकी अपराधसंहिता २०७४ अन्तर्गत ठगी तथा आपराधिक लाभ कसूरमा जिल्ला अदालत झापाबाट सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय दमकका डिएसपी किशोर लम्सालले जानकारी दिए।


## क्यामेरा हराएको सूचना

**मिति २०८२ साल चैत्र ७ गते बेलुका ५:४०देखि ७:०० बजेको बीचमा बिर्तामोड (भद्रपुर रोड) बाट शनिश्चरे रोड हुँदै महानन्द चोक, मातामन्दिर, गोलधाप झिल भएर सालबारी (वडा कार्यालय नं. ११) पुग्ने क्रममा बाटोमा मेरो एउटा Insta360x4 क्यामेरा हराएको छ।**

**उक्त क्यामेरा गोलधाप झिल आसपास वा माथि उल्लेखित रुटमा कतै फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु। फेला पारेर बुझाउने व्यक्तिलाई उचित नगद पुरस्कार (Cash Reward) को व्यवस्था गरिएको छ।**

**सम्पर्क विवरणः**
**नामः विविशाल राउत** (Bebishal Raut)
**ठेगानाः सालबारी, झापा (वडा नं. ११)**
**क्यामेरा मोडलः** Insta360x4 **(कालो रंग)**
**सिरियल नं.** IBMEA2506VFBEF
**मोबाइल नम्बरः ९८१४९४७३४२**



## डढेलोबाट जोगिऔं र जोगाऔं

- **सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,**
- **डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,**


**डढेलोबाट जोगिन**

- **जथाभावी रुपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,**
- **सुक्खा घाँस पात जस्ता ज्वलनशील वस्तु सुरक्षित रुपमा व्यवस्थापन गरौं,**
- **चुरोट, विडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,**
- **डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,**
- **डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,**

**वन जोगाऔं र वातावरण संरक्षणमा योगदान दिऔं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरू**

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- **प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म**
- **पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा**

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




**सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**

## श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.

**बिर्तामोड नगरपालिका-०५, झापाको**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

| पद | संख्या | विज्ञापन नं. | शैक्षिक योग्यता | उमेर | तलब |
|---|---|---|---|---|---|
| दमक सेवा केन्द्र प्रमुख | १ | ०८२/०८३-१६ | बि.बि.एस. उत्तीर्ण | २५ वर्ष पूरा भई ३५ बर्ष ननाघेको | २०,०००।- |
| सहकारी पसल/डिपार्टमेण्ट प्रमुख | १ | ०८२/०८३-१७ | बि.बि.एस. उत्तीर्ण | २५ वर्ष पूरा भई ४० बर्ष ननाघेको | ३०,०००।- |
| कार्यालय सहायक | २ | ०८२/०८३-१८ | + २ उत्तीर्ण | १८ वर्ष पूरा भई ३० बर्ष ननाघेको | १६,०००।- |

अन्य सुविधा संस्थाको नियमबमोजिम।

**पेश गर्नुपर्ने कागजातहरु**

१. संस्थाले तोकेको ढाँचाको आवेदन।
२. बायोडाटा (C.V.)
३. नागरिकताको फोटोकपी तथा हालसालै खिचेको फोटो
४. शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी
५. उपलबध भए : अनुभवको प्रमाण-पत्र तथा सवारी चालक अनुमति-पत्रको फोटोकपी
६. निवेदन दस्तुर रु. ३०० जम्मा गरेको भौचर

**फारम भर्ने अन्तिम मिति २०८२/१२/१७ गते कार्यालय समय सम्म।**
**परीक्षाको किसिम : लिखित, प्रयोगात्मक तथा अन्तवार्ता**
थप जानकारी लागि : ९८१४०७६३२२, ९८४२६९११९८ । **सुरुङ्गा : ९८१५९५२०३८, दानाबारी : ९८१८२२६३९०**

## KGF संस्थाको अनुरोध

**किङ्ग गोरखा फाउण्डेशन** (KGF) संस्थाले २०८२ साल पुस २१ गतेबाट मानव कल्याणका लागि गरीव, निमुखा, अशक्त, असहाय व्यक्तिहरुलाई लक्षित गरी दैनिक निरन्तर रुपमा एक छाक खाना दाल, भात, तरकारी, अचार निःशुल्क खुवाउँदै आइरहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छौं।

अतः यस कार्यलाई निरन्तर अगाडि बढाउन हाल हाम्रो एकल प्रयासले पूरा नहुने भएको हुँदा यस अभियानमा सहभागी भई सहयोग गरिदिनुहुन आम सहयोगी मनहरुलाई हामी अनुरोध गर्दछौं। हामी आम समाजसेवी र दयालु मनहरुलाई आफ्नो जन्मदिन, पाटीभोज र फजुल खर्चहरुलाई कटौती गरी हाम्रो साझा अभियानलाई निरन्तर अगाडि बढ्ने सोचलाई सफल पारिदिनुहुन अपिल गर्दछौं।

हाल हामी सिटी सेन्टर अगाडि प्रत्येक दिन खाना र अतिरिक्त शनिवारको दिन पाऊ पाथीभरा मन्दिर चारआली अगाडि र अतिथि सदन उत्तर शनि मन्दिर अगाडि खिर खुवाइरहेका छौं। यस अभियानलाई बुझ्न र सहयोग गर्नका लागि यस नम्बरको मोवाइलमा सम्पर्क गर्नहुनु अनुरोध गर्दछौं।

**सम्पर्कः ९८१४९९७८८७, ९७६२९००००१**

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८२/१२/११ गते

यस बैंकको तपशिलको ऋणी संस्थाले विराटनगर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : सौम्य बचत तथा ऋण सहकारी संस्था लि.**
**रजिष्टर्ड ठेगाना : विराटनगर-११, मोरङ्ग** **दर्ता नं: १०५४/६१०(०६९/०७०)**

कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण

**१) नाम : विमल नेपाल (अध्यक्ष जमानीकर्ता)**
बाबु : विष्णुप्रसाद नेपाल
बाजे : गणेश प्रसाद नेपाल
ना प्र नं. : ८६३५९
ठेगाना :विराटनगर-११, मोरङ्ग

**२) नाम : उमेश भण्डारी (कोषध्यक्ष जमानीकर्ता)**
बाबु : गोविन्द प्रसाद भण्डारी
बाजे : गणेश प्रसाद उपाध्य
ना.प्र.नं : ४४८७५
ठेगाना : विराटनगर-११, मोरङ्ग

**३) नाम : रामकाजी थापा (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : कृष्ण कुमार थापा
बाजे : नबाफ सिंह थापा
ना.प्र.नं : २९२/०५१५५२
ठेगाना : पोखरे-२, बखलढङ्गा

**४) नाम :राम बहादुर बस्नेत (सह-सचिव जमानीकर्ता)**
बाबु : लाल बहादुर बस्नेत
बाजे : काजीमान सिंह बस्नेत
ना.प्र.नं : ०५-०१-६९-०३१८०
ठेगानाः विराटनगर-११, मोरङ्ग

**५) नाम : राज कुमार श्रेष्ठ (सचिव जमानीकर्ता)**
बाबु : गणेश कुमार श्रेष्ठ
बाजे :आसामान श्रेष्ठ
ना.प्र.नं : ५५६४
ठेगाना : विराटनगर-१०, मोरङ्ग

**६) नाम : शकुन्तला श्रेष्ठ (संचालक जमानीकर्ता)**
बाबु : हरि प्रसाद श्रेष्ठ
बाजे : खडगमान श्रेष्ठ
ना.प्र.नं : ६१७१/३११९
ठेगाना : ईलाम-१, ईलाम

**७) नाम :माधव सुवेदी (संचालक जमानीकर्ता)**
बाबु : राम प्रसाद सुबेदी
बाजे : श्रीलाल सुवेदी
ना.प्र.नं : ४७३
ठेगाना : विराटनगर-१३, मोरङ्ग

**८) नाम : श्याम कुमार राई (संचालक जमानीकर्ता)**
बाबु : धनजङ्ग राई
बाजे : दुर्गा राज राई
ना.प्र.नं : १४४३३-६२०
ठेगाना : सिजुवा-९, मोरङ्ग

**९) नाम : वाबुराम गिरी (संचालक जमानीकर्ता)**
बाबु : कृष्ण प्रसाद गिरी
बाजे : पुष्पलाल गिरी
ना.प्र.नं : २६६७
ठेगाना : विराटनगर-८, मोरङ्ग

**१०) नाम : मद राज खतिवडा (संचालक जमानीकर्ता)**
बाबु : मनरहर शर्मा खतिवडा
बाजे :
ना.प्र.नं : ०५/८७२५७
ठेगाना : विराटनगर-११, मोरङ्ग

**११) नाम : निता आचार्य (संचालक जमानीकर्ता)**
बाबु : उत्तर कुमार आचार्य
बाजे : लक्ष्मण सास्त्री आचार्य
ना.प्र.नं : ४७३१५
ठेगाना : विराटनगर-२, मोरङ्ग

**१२) नाम : रोजिना पोखरेल (संचालक जमानीकर्ता)**
बाबु : केदार नाथ पोखेल
बाजे :
ना.प्र.नं : ८७५७४
ठेगाना : विराटनगर-१, मोरङ्ग

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री कूल बहादुरको नाती श्री नर बहादुर राना मगरको छोरा सुनसरी जिल्ला इनरुवा-२, सुनसरी बस्ने **श्री नारान बहादुर राना मगर** को नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला ज.क न.पा/गा.वि.स. वडा नं. ०१ ख, को कित्ता नं. २६५३ को क्षेत्रफल ०-०-१५ घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
२. श्री मो. रोशन आलमको श्रीमती श्री नइम मियाको छोरी मोरङ जिल्ला विराटनगर-२१ मोरङ्ग बस्ने **श्री हुसनारा खातुन** को नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला बुधनगर न.पा/गा.वि.स. वडा नं. ०३, को कित्ता नं. ५१५ को क्षेत्रफल १२६६.५७ ब.मि घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
३. श्री मो. रोशन आलमको श्रीमती श्री नइम मियाको छोरी मोरङ जिल्ला विराटनगर-२१ मोरङ्ग बस्ने **श्री हुसनारा खातुन** को नाममा मालपोत कार्यालय रंगेली, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला सोराभाग न.पा/गा.वि.स. वडा नं. ०१, को कित्ता नं. ५९५ को क्षेत्रफल २५७३ ब.मि. घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
४. श्री दुर्गा राज राई को नाती श्री धन जंग राईको छोरा मोरङ जिल्ला सिजुवा-९ बस्ने श्री **श्याम कुमार राई** को नाममा मालपोत कार्यालय रंगेली, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला सिजुवा न.पा/गा.वि.स. वडा नं. ०८, को कित्ता नं. ३१८ र कित्ता नं ३१४ को क्रमश क्षेत्रफल ०-५-१० र ०-५-० घर/जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# स्वास्थ्य सचेतना

**आधुनिकता र सभ्यताको प्रतीकका रुपमा भान्सामा यतिबेला कोक, पेप्सी लगायतका पेयपदार्थ भित्रिएका छन् । आधुनिक, सभ्य र सम्पन्न देखिने मानसिकताले हाम्रो परम्परागत पेय पदार्थहरु कागतीको सर्बत, मोही आदि विस्थापित भएका छन् । सामाजिक, प्रतिष्ठासँग जोड्ने मानसिकताले यस्ता कृत्रिम पेय पदार्थले परम्परागत वस्तु हटाएको मात्र छैन अनेक असाध्य रोग भित्र्याउन थालेको अनुसन्धानहरुले देखाएका छन् । विश्व स्वास्थ्य संगठनले कोकाकोला, इनर्जी ड्रिङ्क्स, चुइङगम लगायतका पेय पदार्थहरुमा प्रयोग गरिने गुलियोले क्यान्सर हुने चेतावनी दिएको थियो । राष्ट्र संघको चेतावनीपछि वैज्ञानिकहरुले गरेको अर्को अनुसन्धानले पनि चिनीयुक्त र चिनी नभएको पेय पदार्थहरुको दीर्घकालीन सेवनले स्वास्थ्यमा गम्भीर नकारात्मक असर पार्ने देखाएको छ ।**

**गर्मीयाममा शितलताका लागि भन्दै कोक, फ्यान्टा, पेप्सी जस्ता पेय पदार्थको खपत धेरै हुने गरेको छ । उपभोक्ताको रोजाइमा पर्दै आएको यस्ता पेय पदार्थहरुले दाँतमा क्षति पुर्‍याउँछ भने सफ्ट ड्रिङ्क्समा हुने चिनी र एसिडले मुटु सम्बन्धी रोग एवम् मोटोपन र मधुमेहको जोखिम निम्त्याउने अनुसन्धानको निष्कर्ष छ । विशेषगरी युवा र बालबालिकाहरुले टेलिभिजनका विज्ञापनको प्रभावमा परेर यस्ता कृत्रिम पेय पदार्थहरुको प्रयोग बढाइरहेका छन् । बजारिया पेय पदार्थको पहुँच तथा यसको स्वादमा लगिने प्रवृत्तिले विश्वमै चुनौती खडा गरिरहेको छ । गाउँ बजारमा पसलहरुमा छ्यापछ्याप्ती पाइने यस्ता पेय वस्तुले हाम्रा परम्परागत मोही, सर्बत लगायतका नेपाली शैलीलाई विस्थापन गर्न लागेको छ, जसले भविष्यमा स्वास्थ्य चुनौती थप्ने पक्का छ । अधिकांश उपभोक्ताहरुलाई यी पेय पदार्थमा रहने तत्वहरुले शरीरलाई गर्ने असरका बारेमा जानकारी हुँदैन । यिनमा रंग, बास्ना, स्वाद जस्ता आकर्षणले लठ्ठ बनाएको छ भने त्यसले पार्ने दीर्घकालीन असरका बारेमा बेखबर ।**

**पाहुनालाई चिसो मोही र तातो चियाले स्वागत गर्ने नेपालीको पुरानो संस्कार हो । तर, अहिले आधुनिक देखिनकै लागि यस्ता कृत्रिम पेय पदार्थले स्वागत गर्ने चलन बढ्दै गएको छ । यही प्रयोग, फेरिएको जीवनशैली र आधुनिकताको रंग अनि आकर्षणमा शरीरलाई रोगको घर बनाइरहेका छौं । शारीरिक श्रम गर्ने शरीर बिलाशी जीवन भोग्न थाल्यो । जसले गर्दा खाएका वस्तुले नै शरीरमा अत्याधिक चिनी उत्पादन गर्न थाल्यो । यस्तोमा विश्व नै मधुमेहको चपेटामा पर्दै जानु स्वभाविक नै हो । अनुसन्धानले भन्छ कोक, पेप्सी जस्ता पेय वस्तुको एक गिलासमा दश चम्चा चिनी हुन्छ, जसले चिनीको तह ह्वात्तै बढाउँछ र मानिसमा मोटोपन नै समस्या बन्न पुग्छ । अझ क्यान्सर जस्तो घातक रोग संक्रमणको प्रमुख कारक मध्येको यस्ता पेय पदार्थमा हुने तत्वहरुले पेटमा भएका लाभदायक ब्याक्टेरीयाहरुको संरचनामा परिवर्तन ल्याउने वैज्ञानिक अनुसन्धानको निष्कर्ष छ । यसले रोग प्रतिरोधी क्षमताभर ह्रास आउँछ र यसले कलेजो, मृगौलामा समेत हानी गर्छ । तसर्थ स्वास्थ्य नै धन हो भन्ने परम्परागत मान्यताको अनुशरण गर्न घरमै उपलब्ध हुने विकल्प रोज्नु बुद्धिमानी हुन्छ ।**

# भ्रष्टाचारजन्य प्रवृत्तिको निगरानी



**शिवराम न्यौपाने**



मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु सरकारको प्रमुख दायित्व हो । निर्वाचनका समयमा जनतासँग गरेको प्रतिबद्धता एवम् सम्झौताका आधारमा शासन सञ्चालन गर्ने नेतृत्वले सुशासनलाई सरकारको मुख्य प्राथमिकताको सबाल बनाउनुपर्छ । सार्वजनिक निकायबाट नियमित प्रवाह हुने सेवाको गुणस्तरका आधारमा जनताले सरकारको मूल्याङ्कन गर्छन् । त्यसैले सरकारले सेवा प्रवाहलाई प्रभावकारी बनाउनु जरुरी छ । सेवा प्रवाहको गुणस्तर हुन नसक्दा सार्वजनिक निकायप्रतिको गुनासो सङ्घीयदेखि स्थानीय तहसम्म रहेको छ ।

सेवा प्रवाहलाई गुणस्तरीय बराउन नसक्नुमा मूलतः कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वको सार्वजनिक सेवाप्रति प्रतिबद्धता, इमानदारी र अग्रसरता नहुनु हो । साथै सार्वजनिक निकायमा बिचौलियाको अनावश्यक हस्तक्षेप र उपस्थितिले समेत यसमा प्रभाव पारेको छ । कर्मचारी र राजनीतिक नेतृत्वको बिचौलियासँगको मिलेमतोले यसमा टेवा दिएको छ । मिलेमतोमा हुँदै आएको भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न प्रथमतः बिचौलिया, दलाल, कर्मचारी, राजनीतिक नेतृत्वको छद्मभेषी गठबन्धन तोड्नु जरुरी छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न सुशासनको प्रत्याभूति हुने व्यावहारिक र समय सान्दर्भिक नीति तर्जुमा गर्नु पर्छ । कार्यान्वयनमा ल्याइएका कानूनी एवम् प्रक्रियागत प्रणालीको दुरुपयोगमा सक्रिय रहेका राजनीतिक नेतृत्व, कर्मचारी र बिचौलियाको रजगज तोड्नुपर्छ । सार्वजनिक सेवालाई गुणस्तरीय र अनुमानयोग्य बनाउनका लागि सुशासन, भ्रष्टाचार नियन्त्रणका साथै सेवा प्रवाहसँग सम्बन्धित कानूनमा सार्वजनिक चासोलाई सम्बोधन गर्न सक्ने गरी सामयिक संशोधन वा नयाँ निर्माण गर्न ढिलो गर्नुहुँदैन । कर्मचारीले सार्वजनिक सेवा प्रवाह गर्दा सेवाग्राहीसँग इमानदार भई अनुशासनमा रही जिम्मेवारी निर्वाह गर्नुपर्छ । जिम्मेवार नहुने पदाधिकारीलाई आचरण र भ्रष्टाचारबिरुद्ध कारबाहीमा शून्य सहनशीलताको व्यवहार देखाउनुपर्छ ।

जनसम्पर्क बढी हुने सार्वजनिक निकायमा बिचौलियाको उपस्थिति बढी हुनुको कारण भ्रष्टाचारजन्य कार्य पनि हो । कार्यालयको कार्य प्रकृति अनुरूप भ्रष्टाचारको प्रवृत्ति फरक-फरक हुने गरेको पाइन्छ । मालपोत एवम् नापी कार्यालयमा मिलेमतोमा सरकारी, पर्ती, जङ्गल, बुट्यान, गुठी, आदि जग्गा व्यक्ति वा निजी कम्पनीको नाममा दर्ता गराई बेचबिखन गर्ने एवम् सरकारले मुआब्जा दिई अधिग्रहण गरी लिएको सरकारी, सार्वजनिक र गुठीका जग्गा गैरकानूनी रूपमा व्यक्ति विशेषको नाममा दर्ता गर्ने कार्य हुने गरेका छन् । कैफियत महलको विवरण विपरीत छुट जग्गा दर्ताका नाममा व्यक्ति विशेषका नाममा दर्ता गर्ने, जग्गाको कित्ता हाल साविक गर्दा साँधमा रहेको सरकारी जग्गा व्यक्तिको जग्गामा घुसाउने तथा सरकारी जग्गा आफन्तको नाममा बाँडफाँट गरी बिक्रीवितरण गर्ने, सरकारी एवम् सार्वजनिक जग्गाको नक्कली जग्गाधनी प्रमाणपुर्जा बनाई मुद्दा हाली मिलापत्रका नाममा सरकारी जग्गा हडप्ने र अनधिकृत भोगचलन गर्ने प्रवृति पनि रहेको पाइन्छ ।

त्यस्तै वास्तविक जग्गाधनीको विवरण सच्याई नक्कली जग्गाधनी कायम गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिको नाममा दर्ता गर्ने, परीक्षण गर्नुपर्ने कागजात नहेरी स्थानीय निकायको घर/बाटो चार किल्ला प्रमाणितको सिफारिस लगायतमा राजश्व चुहावट गर्ने प्रवृत्ति छ । जग्गाको मूल्याङ्कन गर्दा हुनुपर्ने वास्तविकभन्दा कम थैली कायम गरी पुँजीगत लाभकर र रजिस्ट्रेसन शुल्क निर्धारण गर्ने, राजस्व रकम नक्कली रसिदबाट उठाई प्रचलित कानून बमोजिम दाखिला नगरी हिनामिना गर्ने, मोठ भिडान नगरी अदालतबाट रोक्का रहेको जग्गा पास गर्ने तथा रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने, सरकारी कागजात अनधिकृत रूपमा नियतवश लुकाउने, नष्ट गर्ने र अभिलेखाङ्कन नगर्ने, जग्गा प्लटिङको नाउँमा सार्वजनिक पर्ति जग्गा समेत दुरुपयोग गर्ने लगायतका भ्रष्टाचारजन्य प्रवृत्ति यदकदा कायमै छन् ।

सार्वजनिक सेवा प्राप्त गर्न सहज गराउने उद्देश्यले कार्यालयमा नागरिक वडापत्र, सहायता कक्ष, सेवा सम्बन्धी आवश्यक जानकारीका साथै सेवा लिन भर्नुपर्ने फाराम, दिनुपर्ने निवेदनको ढाँचा उपलब्ध हुने गरेको छ । साथै सेवा प्राप्त गर्नका लागि पेस गर्नुपर्ने कागजात, तिर्नुपर्ने शुल्क, दस्तुर लगायतका सेवाका प्रक्रियाका सम्बन्धमा जानकारी दिनका लागि संस्थागत वेबसाइट, सूचना पोर्टलको व्यवस्था गरिएको छ । सार्वजनिक सेवा केन्द्रबाट यस्ता सूचना एवम् सहयोगका आधारमा सेवाग्राहीले अतिरिक्त रकम नदिई आफ्नो काम आफैँले गर्न/गराउन सक्ने अवस्था कायम हुँदै गएको देखिन्छ । तर, सेवाग्राहीले आफूले लिने सेवाबारे सामान्य जानकारी समेत नराख्ने, तोकिएका न्यूनतम प्रक्रिया समेत पूरा नगर्ने, बिचौलियाले कार्यालयबारे गर्ने नकारात्मक कुरामा विश्वास गर्ने, सहयोगका लागि कर्मचारीभन्दा बिचौलियामा भरपर्ने प्रवृत्तिले भ्रष्टाचारलाई सघाएको छ ।

जनसम्पर्क बढी हुने प्रकृतिका कार्यालय मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, नापी कार्यालय, वैदेशिक रोजगार कार्यालय, भन्सार कार्यालय, उद्योग व्यवसायसँग सम्बन्धित कार्यालय, नगरपालिका, गाउँपालिकाका कार्यालय, जिल्ला प्रशासन कार्यालय, राहदानी विभाग जस्ता निकायमा बिचौलियाको अनावश्यक उपस्थिति एवम् कार्य प्रक्रियामा हस्तक्षेप हुने गरेको पाइन्छ । कार्यालय परिसरभित्र बिचौलियाको अनावश्यक हस्तक्षेप रहनुमा कार्यालयका कर्मचारीको अदृश्य भूमिका रहेको हुन्छ । यस अवस्थामा स्वाभाविक रूपमा भ्रष्टाचारजन्य कार्य बढ्ने भएकाले यसतर्फ भ्रष्टाचार नियन्त्रणको नैतिक जिम्मेवारी भएका सम्बन्धित कार्यालय प्रमुखको निगरानी जरुरी छ ।

जनताको जीवननिर्वाहका आधारभूत वस्तु तथा सेवाको सरल, सहज र सुपथ उपलब्धताका लागि सरकार जिम्मेवार हुनु आवश्यक हुन्छ । खाद्यान्न, शिक्षा, स्वास्थ्य, खानेपानी, ऊर्जा लगायतका आधारभूत आवश्यकताका वस्तु तथा सेवाको आपूर्तिको सुनिश्चितको अवस्थाले सरकार सक्षम रहे/नरहेको मूल्याङ्कन समेत हुने भएकाले यसतर्फ संवेदनशील हुनु आवश्यक छ ।

सामाजिक सञ्जाल लगायतका सञ्चारमाध्यमको प्रयोग गरी आपूर्ति सङ्कटको गलत सूचना प्रचार गरी ठगी गर्ने गराउने प्रवृतिलाई नियन्त्रण गर्न सकिएको छैन । व्यापारी, आपूर्तिकर्ता एवम् निगरानीको जिम्मेवारी भएका कर्मचारीको मिलेमतोमा आपूर्ति सङ्कट, कालोबजारी, कृत्रिम मूल्यवृद्धि, अस्वस्थ्य खाद्यवस्तुको प्रयोग लगायत भ्रष्टाचारजन्य प्रवृत्तिमा कमी हुन सकेको छैन । स्थानीयस्तरमा मिलेमतोमा हुने भ्रष्टाचारजन्य कार्यको नियन्त्रणका लागि सम्बन्धित सरोकारवालाको चियोचर्चो र सूचना प्रवाहलाई प्रभावकारी गराउनुपर्छ ।

सरकारी अस्पताल एवम् स्वास्थ्यसेवा केन्द्रको सेवालाई पनि भरपर्दो र गुणस्तरीय बनाउन जरुरी छ । आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितका लागि सङ्घीयदेखि स्थानीय तहसम्मको बेथितिलाई नियन्त्रण गर्न आवश्यक छ । औषधि खरिद गर्दा वार्षिक आवश्यकताका आधारमा समयमै टेन्डर गर्नुपर्नेमा नगरी आपत्कालीन अवस्था सिर्जना गराई खरिद गर्ने, ठूलो परिमाणमा खरिद गरेको देखाई स्टोर दाखिला कागजी रूपमा मात्र गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सकिएको छैन । कागजी रूपमा एउटै कार्यक्रम पटक-पटक सञ्चालन गरेको देखाई रकम निकासा गर्ने, स्वास्थ्य सेवामा विनियोजन भएको रकम नक्कली सेवाग्राहीको अभिलेख खडा गरी हिनामिना गर्ने जस्ता प्रवृत्ति देखिएको छ ।

साथै नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्ड पूरा नगरेका मेडिकल र नर्सिङ कलेजलाई सञ्चालन गर्ने अनुमति दिने, मेडिकल कलेजले मेरिट लिस्टमा नपरेका विद्यार्थीलाई भर्ना गर्ने र चर्को शुल्क लिने, सरकारी संस्थामा दिनुपर्ने समय नदिएर निजी स्वास्थ्य संस्थामा कार्य गर्ने, राज्यले निःशुल्क वितरण गर्ने भनेको औषधि समेत निजी क्लिनिकबाट बिक्री गराउने, अपराधका घटनाको स्वास्थ्य परीक्षण गर्दा गलत प्रतिवेदन दिने, सार्वजनिक खरिद ऐनको व्यवस्था विपरीत औषधि/स्वास्थ्य उपकरण खरिद गर्ने लगायतका अनियमित कार्य हुने गरेको पाइन्छ । यस्ता अनियमित कार्यको निगरानी र रिपोर्टिङका लागि सेवाग्राही, सरोकारवाला, स्थानीय सञ्चारकर्मी र नागरिक समाज जागरुक हुनु आवश्यक छ ।

मुलुकमा सङ्गठित रूपमा फैलिएको भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु अबको राजनीतिक नेतृत्व एवम् कर्मचारीतन्त्रको मुख्य जिम्मेवारी हो । राजनीतिक एवम् प्रशासनिक नेतृत्वको पुरानो सोच, शैली र व्यवहारबाट तल्लो तहसम्म फैलिएको भ्रष्टाचार नियन्त्रण गर्न सहज देखिँदैन । बिचौलिया, दलाल, ठेकेदार, पेसाका नाउँमा भ्रष्टाचार गर्न सिपालु व्यवसायीको भ्रष्टाचारजन्य सञ्जाल तोड्नु जरुरी छ । भ्रष्टाचारका उच्च जोखिमयुक्त क्षेत्रको पहिचान गरी नियमित सूचना प्राप्त गर्ने र कारबाही गर्ने पद्धति थालनी गर्नुपर्छ ।

यसका लागि सरोकारवाला, नागरिक समाज, सञ्चारकर्मीसमेतको सहकार्यमा निगरानी गर्ने/गराउने कार्यलाई सङ्गठित गराउनुपर्छ । भ्रष्टाचारजन्य कार्यको सही र तथ्यपूर्ण सूचना गोप्य रूपमा उपलब्ध गराउने व्यक्ति वा सङ्गठनलाई गोप्य रूपमा पुरस्कृत गर्ने व्यवस्था पनि गर्न सकिन्छ । राजनीतिक नेतृत्वको नीति, निर्णय, सोच र व्यवहारको मनसाय बुझेर काम गर्ने प्रवृत्ति भएको कर्मचारीतन्त्रलाई राजनीतिक नेतृत्वले आफ्नो इमानदार एवम् स्वच्छ छविबाट सही दिशा निर्देश गर्न सक्नु पर्छ । यसबाट मुलुकमा भ्रष्टाचार नियन्त्रण भई सुशासन कायम गर्न सकिन्छ । गोप

# कपालमा तेल लगाउने सही समय

धेरै मानिसको बानी हुन्छ, नुहाएलगत्तै भिजेको कपालमा तेल लगाउने । तर यो बानी सही होइन । कपालमा तेल लगाउनु केवल परम्परागत अभ्यास मात्र होइन, यो वैज्ञानिक रूपमा पनि लाभदायक मानिन्छ । तेलले कपालको जरालाई पोषण दिन्छ, स्काल्पलाई मुलायम बनाउँछ र रक्तसञ्चार सुधार गरेर कपालको वृद्धि बढाउन मद्दत गर्छ । तर, यी सबै फाइदा प्राप्त हुन तेल लगाउने उचित समय थाहा हुनुपर्छ ।

**तेल कति बेला लगाउने ?**

कपालमा तेल लगाउने सबैभन्दा राम्रो समय नुहाउनुअघि हो । जब तपाईं नुहाउनुभन्दा ३० मिनेटदेखि १ घण्टाअघि कपालमा तेल लगाउनुहुन्छ, यसले कपाललाई स्याम्पु र पानीको सुक्खापनबाट जोगाउँछ । स्याम्पुमा रहेका केमिकलहरूले कपालको प्राकृतिक तेल हटाउन सक्छन्, तर नुहाउनुअघि तेल लगाउँदा कपालमा एक प्रकारको सुरक्षा तह बनाउँछ । साथै, तेल मसाज गर्दा टाउकोमा रक्तसञ्चार बढ्छ, जसले कपालको जरा बलियो बनाउँछ ।

**नुहाएपछि तेल लगाउनु कति उपयुक्त ?**

धेरै मानिसहरूको बानी हुन्छ, नुहाएलगत्तै भिजेको कपालमा तेल लगाउने । तर, यो बानी सही होइन । भिजेको कपाल कमजोर हुन्छ र त्यतिबेला तेल लगाउँदा धुलो र फोहोर सजिलै टाँसिन सक्छ । साथै, तालु सुख्खा भई ड्यान्ड्रफ (चायाँ) वा फंगल संक्रमण हुने सम्भावना बढ्छ । नुहाएपछि यदि कपाल धेरै सुख्खा छ भने तेलको सट्टा हल्का हेयर सिरम, एलोभेरा जेल वा लिभ-इन कन्डिसनर प्रयोग गर्नु राम्रो हुन्छ । सही समय तथा तरिका पनि उत्तिकै



महत्वपूर्ण हुन्छ । कपालमा तेल हालेर छिटो-छिटो मसाज गर्नुहुँदैन ।

**कपालमा तेल लगाउने सही तरिका**

- तेललाई हल्का मनतातो बनाउनुहोस् । यसले स्काल्पमा सजिलै सोसिन्छ ।
- औंलाको टुप्पो प्रयोग गरेर बिस्तारै मसाज गर्नुहोस्, नङ प्रयोग नगर्नुहोस् ।
- गोलाकार गतिमा ५-१० मिनेट मसाज गर्दा रक्तसञ्चार बढ्छ ।
- कपालको लम्बाइमा पनि हल्का तेल लगाउनुहोस् ।
- धेरै तेल प्रयोग नगर्नुहोस्, मध्यम मात्रा नै पर्याप्त हुन्छ ।

**कुन तेल कपालका लागि राम्रो हुन्छ ?**

कपालको समस्या र प्रकार अनुसार फरक-फरक तेल प्रयोग गर्न सकिन्छ ।

**नरिवल तेल :** कपाललाई गहिरो पोषण दिन्छ र सुख्खापन हटाउँछ ।

**बदाम तेल :** भिटामिन 'इ'ले भरिपूर्ण, कपाललाई चम्किलो बनाउँछ ।

**अमला तेल :** कपाल झर्न कम गर्छ र समयअघि सेतो हुनबाट जोगाउँछ ।

**अरगन तेल :** ड्राइ र ड्यामेज कपालका लागि निकै उपयोगी हुन्छ ।

केवल तेल लगाएर मात्र कपाल स्वस्थ हुँदैन । दैनिक जीवनशैली पनि उत्तिकै महत्वपूर्ण हुन्छ । त्यसका लागि प्रोटिन, भिटामिन र मिनरल्सयुक्त खाना खाने, पर्याप्त पानी पिउने गर्नुपर्छ । यसले कपाललाई भित्रबाट हाइड्रेट राख्छ ।

**कति पटक तेल लगाउने ?**

सामान्यतया: हप्तामा दुई-तीन पटक तेल लगाउनु पर्याप्त हुन्छ । यदि तपाईंको स्काल्प धेरै ड्राइ छ भने तीन-चार पटक पनि लगाउन सकिन्छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय आएको छ, आफ्नो विचारले विशिष्ट व्यक्तिलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर आउने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग आएको छ, नयाँ अवसर आउने तथा नयाँ काम शुरुवात हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** धार्मिक तिर्थयात्रा हुनेछ, साथीभाइको पूर्ण सहयोगमा कार्य सफलता हुनेछ, शत्रुमाथि विजय प्राप्त हुनाले मन आनन्दित रहने छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुनाले मन खुशी हुनेछ, परिवारजनमा खुशी आउने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, शुखद् खबर सुनिने छ, व्यापार-व्यावसायमा राम्रो नतिजा प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** यथेष्ट धन लाभको योग आएको छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनका लागि निम्ता आउने समय छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मान मिल्नेछ, भाग्यले साथ दिनेछ, पारिवारिक जमघटमा यो समय विशेष योजना बन्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बोलिमा विचार पुर्‍याउनुहोला बोलिको भरमा विशेष काम बन्ने योग आएको छ, स्वास्थ्यमा समस्या देखिन सक्छ, खानपानमा विशेष सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** मनमा उत्साह-उमँग बढेर आउनेछ, साथीभाइसँग रमाइलो जमघट हुनाले अधिक खर्च हुने समय छ, मावली पक्षबाट शुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट सहयोग तथा हौशला मिल्नाले मन हर्षित रहने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** पारिवारिक कारणले मनमा आँट तथा उत्साह बढ्नेछ, यात्राको योग परेको छ, मध्यान्हपछि खर्चिलो योग रहेको छ ।

मिति २०८२/१२/१० मंगलबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. २७३,९००।-
चाँदी
प्रति तोला
रु. ४,५०५।-

# फाकफोकथुम गाउँपालिकाको गाउँसभा अधिवेशन




□ **युद्धबहादुर बोहोरा**

**इलाम, चैत १०।** फाकफोकथुम गाउँपालिकामा १९औं गाउँसभाको अधिवेशन सम्पन्न भएको छ।

अध्यक्ष दीपेन्द्र खनालको अध्यक्षतामा भएको अधिवेशनमा गाउँपालिकाका विभिन्न समितिहरूले प्रतिवेदन प्रस्तुत गरे।

अधिवेशनमा आर्थिक विकास समिति संयोजक यामबहादुर खत्री पौडेल, सामाजिक विकास समिति संयोजक सिद्धमान आले (सुदिप), पूर्वाधार विकास एवम् अनुगमन समिति संयोजक कविता राई र राजश्व परामर्श समिति संयोजक उपाध्यक्ष कल्पना राईले आफ्नो वार्षिक प्रतिवेदन पेश गरिन्। उपाध्यक्ष राईले चालू आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव पेश गर्दै संशोधित बजेट अनुमोदन गराइन्।

गत असोज १८ र १९ गते परेको बिनासकारी झरी र पहिरोले गाउँपालिकामा ठूलो क्षति पुर्‍याएको थियो। झरी र पहिरोका कारण करिब सबै सडक अवरुद्ध भएका थिए। ४० भन्दा बढी घर आंशिकदेखि पूर्ण क्षतिग्रस्त भएका थिए। कृषि क्षेत्रमा समेत ठूलो असर पर्‍यो। एक सय ३७ जना कृषकको दुई सय ३० रोपनीमा लगाइएको धान, चिया, अलैंची, कोदो, किवी लगायतका बाली नष्ट भएको थियो।

जनावर र माछापोखरी पनि प्रभावित भए। पहिरोका कारण चार वटा गाई, तीन वटा घाइते भए, तीन भैसी र दुई बङ्गुर मरे। छ वटा माछापोखरीमा करिब नौ सय केजी माछाका भूरा नष्ट भएका थिए। यस विनाशकारी घटनामा एक जनाको दुःखद् निधन भएको थियो भने पालिकामा करिब ३३ करोड रुपैयाँ बराबरको क्षति भएको थियो।

यस्तो अवस्थाबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउन र पूर्वाधार पुनर्निर्माण सुनिश्चित गर्न गाउँपालिकाले चालू आव २०८२/०८३ को बजेट तथा कार्यक्रम संशोधन गर्ने निर्णय गर्‍यो।

संविधानको धारा १२५ अनुसार विनियोजित रकमलाई एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने व्यवस्था अनुसार पुराना योजनाहरूको शीर्षक संशोधन, केही कार्यक्रमको कटौती र नयाँ आवश्यकता अनुसार खर्च पुनःनिर्धारण गरी बजेट संशोधन गरियो।

अधिवेशनले विभिन्न वडाबाट उठाइएका समस्या र सुझावहरू पनि संकलन गरेको छ। अध्यक्ष खनालले संघ र प्रदेशस्तरीय योजना पालिकाको मातहतमा अनुगमन नहुँदा गुणस्तर कमजोर भएको र स्थानीय तहले कार्यान्वयनमा कठिनाइ भोगिरहेको बताए। प्रतिनिधिहरूले स्थानीय तहले योजना कार्यान्वयन गर्न नसक्दा नागरिकबाट आएको गुनासो पनि उठाए। यसमा विद्युत आपूर्ति समस्या, सडक र पूर्वाधार अवरुद्ध, सेवामा ढिलाइ र अन्य असुविधाहरू समावेश थिए। अध्यक्ष खनालले यी गुनासो सुनेको र आवश्यक सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे।

अध्यक्ष खनालले अधिवेशनको समापनमा सहभागीहरूलाई वचन दिए कि गाउँपालिका अन्तर्गत सबै वडाबाट आएका सुझाव र समस्या उचित तरिकाले सम्बोधन, कार्यान्वयन र पहल गरिने छ। साथै, प्रभावित क्षेत्रका परिवारको राहत, कृषि र पशुपालन पुनःस्थापना, पूर्वाधार सुधार र योजना कार्यान्वयनमा प्राथमिकता दिइने जानकारी दिइयो।

पालिका प्रमुख प्रशासनिक अधिकृत निर्मल तुम्रोकका अनुसार संशोधित बजेट गाउँसभाले पारित गरेको छ। यसले प्रभावित परिवारको राहत र स्थानीय विकास कार्यहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउने उद्देश्य राखेको छ।

# इलाममा रेडपाण्डा महोत्सव

**इलाम, चैत १०।** इलाममा चैत २० देखि २३ गतेसम्म तेस्रो रेडपाण्डा महोत्सव हुने भएको छ। दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण र पर्यटन प्रवर्द्धनको उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो।

काठमाडौंमा पत्रकार भेटघाटमा महोत्सव आयोजक समितिका संयोजक सनम राईले 'रेडपाण्डा ट्रेल'मा आधारित पदमार्ग पर्यटनलाई केन्द्रमा राखेर महोत्सव आयोजना गर्न लागिएको बताए।

करिब ४० किलोमिटर लामो उक्त पदमार्गले माईपोखरीदेखि जौबारीसम्मका विभिन्न पर्यटकीय स्थललाई जोड्छ। यस मार्गमा रेडपाण्डासहित विभिन्न प्रजातिका चरा, वन्यजन्तु, जैविक विविधताको अध्ययन-अवलोकन गर्न सकिन्छ। सन्दकपुर गाउँपालिका-४ कालपोखरीमा महोत्सव आयोजना हुनेछ।

आयोजकका अनुसार रेडपाण्डा पदयात्राको अनुभव, जङ्गल सफारी, चराहरूको दृश्यावलोकन महोत्सवका मुख्य आकर्षण रहनेछन्। त्यस्तै त्यहाँका १८ प्रजातिको गुराँसको अध्ययनका साथै आदिवासी जनजातिको संस्कृति समेत नियाल्न पाइने छ।

विश्वको अग्लो सगरमाथासहित ६० भन्दा बढी हिमशृङ्खला, सयौं प्रजातिका चराको अवलोकन गर्न सकिने संयोजक राईले बताए। महोत्सवमा आन्तरिक र बाह्य १० हजार पर्यटक सन्दकपुर भित्र्याउने आयोजकको लक्ष्य रहेको छ।

# शंकरबेली सिमसारमा हजारौं पर्यटक

**सुनसरी, चैत १०।** सुनसरीको रामधुनी नगरपालिका-६ स्थित शङ्करबेली सिमसार पछिल्ला समय आन्तरिक पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको छ।



१३ वर्षअघि स्थापना गरिएको उक्त सिमसार क्षेत्र उपभोक्ता समितिको सक्रियता, संरक्षण, सरसफाइ तथा प्रदेश र स्थानीय सरकारको सहयोगमा पर्यटकीय स्थलका रुपमा विकास गरिएको हो।

सिमसार व्यवस्थापन समितिका पूर्व अध्यक्ष रत्न राईका अनुसार यहाँ दैनिक हजारौं पर्यटक आउने गरेका छन्। वनभोजका याममा दैनिक १० हजारभन्दा बढी र 'अफ सिजन'मा दैनिक एक सय ५० बढी पर्यटक आउने गरेको राईले बताए।

कात्तिकदेखि पुससम्म र बैशाख १५ गतेदेखि जेठ २० गतेसम्म वनभोजका लागि यहाँ आउनेको भीड हुने उनले बताए। शङ्करबेली वन उपभोक्ता समितिले संरक्षण गर्दै आएको उक्त सिमसार प्राकृतिक मनोरञ्जन र वनभोजका लागि उपयुक्त स्थल मानिन्छ। सिमसार वरपरका शिरीषका फूल वैशाख महिनामा फुल्दा यस क्षेत्रको सौन्दर्यले आकर्षित गर्ने गर्छ। सो समयमा पर्यटकको चाप पनि बढ्ने गरेको समितिको भनाइ छ।

एकै पटक करिब एक सय १० टोलीले वनभोज खान सक्ने क्षमता रहेको यस क्षेत्र वनभोजका लागि उपयुक्त स्थल मानिन्छ। वनभोजका लागि आउने टोलीबाट तीन सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म शुल्क लिने गरिएको छ। उक्त रकमबाट सिमसारको संरक्षण, सरसफाई तथा व्यवस्थापन गरिँदै आएको समितिले जनाएको छ।

करिब साढे चार विगाह क्षेत्रफलमा फैलिएको सिमसारमा कोशी प्रदेश सरकारद्वारा गत आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित दुई करोड रुपैयाँले विभिन्न पूर्वाधार निर्माण गरिएको उपभोक्ता समितिका सदस्य निश्चल तामाङले जानकारी दिए।

पोखरीको बीचमा अवस्थित रामधुनी नगरपालिकाको सहयोगमा करिब एक लाख ५० हजार रुपैयाँमा निर्माण गरिएको 'ह्वाइट हाउस'ले सिमसारको आकर्षण थप बढाएको छ। यहाँ धरान, इटहरी, विराटनगर, झापा र उदयपुर लगायत भारतबाट पर्यटक आउने गरेका छन्।

# टेम्केमैयुङद्वारा काम नगर्ने ठेकेदारलाई कारबाही

**भोजपुर, चैत १०।** भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले ठेक्का सम्झौता अनुसार निर्माण नगर्ने ठेकेदारलाई कारवाही अघि बढाएको छ।



आर्थिक वर्ष २०७७/०७८ थालिएको १५ शय्याको कोट अस्पताल निर्माणलाई अलपत्र पार्ने निर्माण कम्पनीलाई कारवाही अघि बढाएको हो।

गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै निर्माण कम्पनी भूमि हिमालयन जेभी विराटनगरलाई आवश्यक स्पस्टीकरणसहित सात दिनभित्र सम्पर्क आउन निर्देशन दिएको छ। तोकिएको समयभित्र सम्पर्कमा नआएमा प्रचलित ऐन, नियमावली तथा सम्झौता अनुसार एकतर्फी रूपमा कारबाही प्रक्रिया अघि बढाइने स्पष्ट पारिएको छ।

समयमा काम सम्पन्न नगरेको, निर्माण स्थल अलपत्र छाडिएको तथा पटक-पटक ताकेता गर्दा समेत सम्पर्कमा नआएको भन्दै सम्बन्धित निर्माण कम्पनी माथि कारबाही प्रक्रिया अघि बढाइएको सूचनामा उल्लेख गरिएको छ।

गाउँपालिकाले सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा सम्झौतामा गरिएको शर्त बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन सकिने जनाएको छ। कानूनी प्रावधान अनुसार ठेक्का रद्द गर्ने, धरौटी जफत गर्ने वा अन्य प्रशासनिक कारवाही समेत हुनसक्ने सङ्केत गरिएको छ।

निर्माण निर्धारित समयमै सम्पन्न नहुँदा स्थानीय बासिन्दाले स्वास्थ्य सेवा विस्तारमा ढिलाइ भएको गुनासो गर्दै आएका छन्। अस्पताल भवन निर्माण ढिलाइ हुँदा सेवाग्राहीले आवश्यक स्वास्थ्य सुविधा समयमै नपाउने अवस्था सृजना भएको छ। यस किसिमको गैरजिम्मेवार व्यवहारप्रति कडाइ गर्दै सार्वजनिक विकास निर्माणलाई प्रभावकारी र समयमै सम्पन्न गराउन स्थानीय तह प्रतिबद्ध रहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए।

# लागूऔषधसहित पक्राउ

**झापा, चैत १०।** नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागूऔषधसहित विभिन्न व्यक्तिलाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार विराटनगर महानगरपालिका-१५ बाट लागूऔषध खैरो हेरोइनसहित भारतीय नागरिक मसुल अनसारीलाई पक्राउ गरिएको हो।

सुनसरीको इनरुवा-४ बसचोकबाट दुई, कैलालीको धनगढी उपमहानगरपालिका-८ धनगढीगाउँबाट सिरहाको गोलबजार नगरपालिका-४ निपाने टोलबाट एक जनालाई खैरो हेरोइनसहित पक्राउ गरिएको हो।


**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गामा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP ISO 9001:2015 स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २X२ जिप्सन तथा २X२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**कोसेली**
शुद्ध दूधको स्वस्थ उत्पादन
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**सयपत्री बालुवा प्रशोधन उद्योग**
उच्च गुणस्तर सुलभ मूल्य
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**झापामै पहिलो होमियोप्याथिक**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
- पेटका रोगहरु: ग्याष्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस,
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०२
बिर्तामोड, झापा

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

**अब बिर्तामोडमा डा. पितामबर ठाकुर**
MBBS, MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

**UAE मा रोजगारीको अवसर**
United International Group
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८